# आयात र निर्यात दुवै बढ्दो, व्यापार घाटा ८ खर्ब

**मध्यान्ह संवाददाता**
काठमाडौं ७ माघ




चालु आर्थिक वर्षको साउनदेखि पुससम्म नेपालको वैदेशिक व्यापार घाटा करिब ८ खर्ब रुपैयाँ पुगेको छ । भन्सार विभागले चालु आर्थिक वर्षको ६ महिनामा अघिल्लो वर्षको तुलनामा १० दशमलव १५ प्रतिशतका दरले बढेर ७ खर्ब ९७ अर्ब रुपैयाँबराबरको वैदेशिक व्यापार घाटा भएको हो । अघिल्लो आर्थिक वर्षको ६ महिनाको अवधिमा नेपालले ७ खर्ब २३ अर्ब ५८ करोड रुपैयाँबराबरको वैदेशिक व्यापार घाटा बेहोरेको थियो । यस्तै, साउनदेखि पुस मसान्नतसम्म नेपालको आयात र निर्यात दुवै बढेको छ । आयात निर्यातले अर्थतन्त्रलाई विस्तारै चलायमान गराइरहेको छ । ६ महिनामा नेपालमा वस्तु आयात १४ दशमलव १८ प्रतिशतले बढेको छ भने निर्यात ४३ दशमलव ७६ प्रतिशतले बढेको भन्सार विभागले जनाएको छ ।

साउनदेखि पुस मसान्तसम्म कुल ९ खर्ब ३९ अर्ब २ करोड २८ लाख रुपैयाँबराबरको वस्तु आयात गरिएको छ भने निर्यात १ खर्ब ४२ अर्ब १ करोड ८० लाख रुपैयाँ पुगेको छ । गत वर्ष भने ६ महिनामा ८ खर्ब २२ अर्ब ३७ करोड रुपैयाँको आयात र ९८ अर्ब ७८ करोड ९२ लाख रुपैयाँको निर्यात भएको हो ।

६ महिनामा आयात हुने वस्तुमा पेट्रोलियम पदार्थ नै रहेको छ । ६ महिनामा ५८ अर्ब २७ करोड ९२ लाख रुपैयाँबराबरको डिजेल आयात भएको छ भने ३३ अर्ब ७ करोड २१ लाख रुपैयाँबराबरको पेट्रोल आयात भएको छ । यस्तै, २७ अर्ब ४ करोड २० लाख रुपैयाँबराबरको एपी ग्यास, ९ अर्ब ९३ करोड ८७ लाख रुपैयाँबराबरको हवाई इन्धन आयात भएको भन्सार विभागको तथ्यांक छ । यस्तै, वनस्पति तेल/घिउ आयात दोस्रो नम्बरका छ ।

यस्तै, निर्यात हुनेमा पहिलो स्थानमा कच्चा सोयाबिन छ । जुन ५६ अर्ब रुपैयाँबराबर आएको छ । यसरी हेर्दा सोयाबिनको तेलले नेपालको आयात निर्यातको तथ्यांकलाई सुधार गराएको छ । यस्तै, नेपालबाट अलैंची कार्पेटलगायतका वस्तु निर्यात भएको छ ।

# तपस्या एच आरको २४ घण्टे एआई च्याटबोट सेवा सुरु




**काठमाडौं/मस-** वैदेशिक रोजगारीको क्षेत्रमा सक्रिय तपस्या एचआर प्रालिले आफ्नो आधिकारिक वेबसाइटमार्फत एआई प्रविधिमा आधारित अनलाइन च्याटबोट सेवा सुरु गरेको छ । नेपाल सरकारबाट इजाजतपत्र प्राप्त लाइसेन्स नम्बर १७९४ रहेको तपस्याले डब्लुडब्लुडब्लु डट तपस्याएचआर डटकममा २४ घण्टा सञ्चालन हुने एआई च्याटबोट सार्वजनिक गरेको हो ।

यो सेवा प्रारम्भिक चरणमा रहेको भए पनि आवश्यकताअनुसार क्रमशः थप उन्नत बनाउँदै लगिने कम्पनीले जनाएको छ । वैदेशिक रोजगारीमा जान चाहने कामदार तथा आवेदकका जिज्ञासा समाधान गर्न केन्द्रित यस च्याटबोटले कम्पनीका कर्मचारी अफलाइन रहेको समयमा पनि निरन्तर सेवा प्रदान गर्नेछ । च्याटबोटमार्फत रोजगारी प्रक्रिया, आवश्यक कागजात, देशअनुसारका अवसर, सामान्य नियम, समयावधि तथा प्रारम्भिक जानकारी तुरुन्तै प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ । यसले सूचना लिन कार्यालयमा धाउनुपर्ने झन्झट कम गर्ने अपेक्षा गरिएको छ ।

तपस्या एच आरका सञ्चालक मुकेश भण्डारीका अनुसार एआई प्रविधिले रिक्रुटमेन्ट क्षेत्रलाई थप पारदर्शी, छरितो र पहुँचयोग्य बनाउँछ । उनले भने, 'यो च्याटबोटले रोजगारदाता र रोजगारी खोज्ने दुवैलाई सही जानकारी सही समयमा दिन सहयोग गर्नेछ ।'

उनले थपे, 'मानव संसाधन व्यवस्थापनमा एआईको प्रयोग अब विकल्प होइन, आवश्यकता बन्दै गएको छ, यस प्रविधिको प्रयोगबाट गलत सूचना, दलाल समस्या र अनावश्यक दौडधुप कम गर्ने हाम्रो लक्ष्य हो ।' कम्पनीका अनुसार च्याटबोटले प्रारम्भिक मार्गदर्शन मात्र प्रदान गर्नेछ भने अन्तिम प्रक्रिया, कागजी काम र आधिकारिक समन्वय तपस्या एचआरको टिममार्फत नै गरिनेछ । यस सेवाबाट देशभर तथा विदेशमा रहेका नेपालीहरूले समेत सजिलै जानकारी लिन सक्ने विश्वास कम्पनीले व्यक्त गरेको छ । यो एआई च्याटबोट तपस्या र रिक्रुटमेन्ट सफ्टवेयर विकासमा सक्रिय सफ्टगृह प्रालिको सहकार्यमा तयार गरिएको हो । उक्त सफ्टवेयर विशेष रूपमा म्यानपावर एजेन्सीहरूको आवश्यकता अनुसार विकास गरिएको बताइएको छ ।

तपस्याले 'फ्रम द हिमालयज टु द वर्ल्ड' भन्ने अवधारणालाई प्रविधिसँग जोड्दै वैदेशिक रोजगारी क्षेत्रमा नयाँ अभ्यासको सुरुआत गरेको जनाएको छ ।

# लिट्मसले सिप सुधार कार्यक्रम गर्ने




**काठमाडौं/मस-** लिट्मस इन्डस्ट्रिज लिमिटेडले इलेक्ट्रिसियनहरूका लागि सिप सुधार कार्यक्रम सुरुवात गरेको छ । शिक्षा, दक्षता र सुरक्षा भन्ने नारामा कम्पनीले सो सिपमूलक कार्यक्रम काठमाडौंमा सुरु गर्न लागेको हो ।

सिप सुधार कार्यक्रम लिट्मसका उत्पादन प्रयोग गर्ने इलेक्ट्रिसियनहरूका लागि विशेष रूपमा तयार गरिएको कम्पनीले जनाएको छ । यस पहलमार्फत लिट्मसले प्राविधिक सिपलाई थप सुदृढ बनाउँदै देशभर सुरक्षित इलेक्ट्रिक अभ्यासलाई प्रवर्धन गर्ने लक्ष्य लिएको छ ।

२० दिने तालिम कार्यक्रमले सैद्धान्तिक र व्यावहारिक दुवै पक्षमा ध्यान केन्द्रित गर्ने कम्पनीको भनाइ छ । यसमा औद्योगिक इलेक्ट्रिक वायरिङ स्थापना, मोटर कन्ट्रोल प्रणाली, अर्थिङ, लाइटनिङ प्रोटेक्सन, जेनेरेटर प्रणाली तथा अन्य आवश्यक ह्यान्ड्स-अन सिपहरू समावेश छन् । इलेक्ट्रिसियनहरूको दक्षता बढाएर सुरक्षित वायरिङ र गुणस्तरीय विद्युत् सुनिश्चित गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ ।

# निसर्ग हस्पिटलमा किसान सहकारीका सदस्यलाई २० प्रतिशतसम्म छुट




**काठमाडौं/मस-** किसान बहुउद्देश्यीय सहकारी संस्थाका सेयर सदस्यहरूले धनगढीस्थित निसर्ग हस्पिटलमा उपचारमा २० प्रतिशतसम्म छुट पाउने भएका छन् । निसर्ग हस्पिटलका कार्यकारी अध्यक्ष तीर्थराज पन्त र किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका महाप्रबन्धक डम्बरबहादुर शाहले उपचारमा छुट दिनेसम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर गरेका छन् । सम्झौतापछि किसान सहकारीका सेयर सदस्यले छुट पाउनेछन् । निसर्ग हस्पिटल धनगढीस्थित निजी क्षेत्रबाट सञ्चालित सुदूरपश्चिममै स्तरीय स्वास्थ्य सेवा दिइरहेको संस्था हो । २०५२ सालमा स्थापना भएको कैलालीको लम्कीमा केन्द्रीय कार्यालय रहेको किसान सहकारी सुदूरपश्चिमका नौवटा जिल्ला र बर्दियाको राजापुर नगरपालिकामा सेवा केन्द्र रहेको र ९३ हजारभन्दा बढी सेयर सदस्य छन् ।

सेयर सदस्यले जर्नल बेड हस्पिटल भर्नामा १५ प्रतिशत, क्याबिन भर्नामा १० प्रतिशत, आइसियु बेडमा १२.५ प्रतिशत, एनआइसियु बेडमा १२.५ प्रतिशत छुट पाउनेछन् ।

त्यस्तै, जर्नरल, सर्जरी, अर्थोपेडिक, गाइनोलोजीमा १० प्रतिशत, ल्याप्रोसकोपी अप्रेनमा १० प्रतिशत, पेथोलोजी सेवामा २० प्रतिशत, भिडियो एक्सरे, एक्सरे, इसिजी इसिएचओ, टिएमटी, इन्डोस्कोपीमा १० र औषधि खरिदमा ५ प्रशिशत छुट पाउनेछन् ।


## Kedarsyun Rural Municipality
## Office of the Rural Municipal Executive
**Deura, Bajhang**
**SudurPashchim Province, Nepal**

### Invitation Of Electronic Bids for Procurement of Goods

**Date of publication:- 2082/10/08 (22 Jan 2026)**
**Invitation for Bids No: 11/2082/083**

Kedarsyun Rural Municipality, Office of Rural Municipal Executive, Deura Bajhang invites electronic bids on 2082/10/08 from Nepalese eligible bidders under Sealed Quotation (SQ) Procedures for procurement of Goods Mentioned below:

| Contract No. | Description of Work and Location | Estimated Amount with VAT | Bid Document fee NRs. | Bid Security NRS |
|---|---|---|---|---|
| KRM/SQ/ Goods-11/2082/083 | Purchase of Medicines for the Ayurveda Section of Kedarsyun Rural Municipality | 375090 | 1000.00 | 9500.00 |

Purchase, Submission and Opening:

| Contract Date | Late Date Of Bid Submission | | Bid Opening | |
|---|---|---|---|---|
| Email: kedarasyumun@gmail.com | Time | Date | Time | Date |
| Contact No.: 9858485003/9865766560 | 12:00 Noon | 06-02-2026 | 14:00 Noon | 06-02-2026 |

| Bank Name and Address | Office Name | Revenueac Details(Antarik Rajaswa Khata) | | Deposit A/C Details(Dharauti Khata) | |
|---|---|---|---|---|---|
| | | Account Name | Account Number | Account Name | Account Number |
| Nepal Investement Mega Bank Jhota/ Deura Branch | Office of kedarasyun Rural Municipal Exective, Deura, Bajhang | GA 1.1 KEDARSYUN GAUPAALIKA AANTARIK RAJSHWO KHATA | 07501400250009 | GA 3.1 KEDARSYUN GAUPALIKA DHARAUTI KHATA | 07501400250153 |

- Tender documents shall follow public procurement Act, 2063( Latest Amendment)
- Elifible Bidders may refer complete set of bid Document for futher information at office of Kedarsyun Rural Municipality, Bajhnag of PPMO's website www.bolptra.gov.np/egp and bidders shallhave the option of submitting their bids electronically only
- The Employer reserves the right to accept or reject, wholly or partly any or all Sealed Quotation without assigning any reason whatever



## लेटाङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**लेटाङ, मोरङ**
**कोशी प्रदेश**

### बोलपत्र स्वीकृत गर्ने आसयको सार्वजनिक सूचना

**सूचना प्रकाशित मितिः २०८२/१०/०८**

लेटाङ नगरपालिकाको आ.व.२०८२/०८३ मा Construction of an Irrigation Channel, Interlock Paving work in front of Ward - ४ र Construction of the road from Pani Tanki to Lamsal Tole का लागि २०८२/०८/२२ मा बोलपत्र आव्हानको सार्वजनिक सूचना प्रकाशन गरिएकोमा बोलपत्र मुल्याङ्कन समितिको सिफारिस बमोजिम तपसील बमोजिमको न्यूनतम मूल्याङ्कित बोलपत्रहरू सारभुत रुपमा प्रभावग्राही ठहर भई स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्वन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ठे.नं. | कार्य विवरण | घटी कबोल गर्ने निर्माण व्यवसायीको नाम | ठेगाना | बोलपत्रमा कबोल रकम मु.अ.कर बाहेक | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | LM/MOR/NCB/ W/2082-83/07 | Construction of an Irrigation Channel | Belbari Construction and Auto Engineering Company Pvt.Ltd. | Belbari Municipality, Morang | 15,57,081.5 | |
| 2 | LM/MOR/NCB/ W/2082-83/06 | Construction of an Irrigation Channel, Interlock Paving work in front of Ward - 4 | Sungdele Nirman Sewa | Letang Municipality Ward No. 2, Morang | 17,36,873/- | |
| 3 | LM/MOR/NCB/ W/2082-83/05 | Construction of the road from Pani Tanki to Lamsal Tole | Binita Shree Construction and Suppliers Pvt. Ltd. | Itahari Sub Metropolitan 2, Sunsari | 41,53,205/- | |

**शशि राई**
**प्रमुख प्रशासकीय अधिकृत**



## Chautara Sangachokgadhi Municipality
## Office of the Municipal Executive
**Chautara, Sindhupalchok**

### Invitation for Electronic Bids

**Date of publication: 2082/10/08 (22th Jan 2026)**

The Chautara Sangachokgadhi Municipality, Chautara, Sindhupalchok invites electronic bids from nepali eligible Bidders for Procurement of the following works.

| Contract Identification No. | Description | Estimated Amount (Exclusive of VAT and Contingencies) | Bid Security Amount | Price of Bid Document | Bid Submission Last Date, Time | Bid Opening Date, Time |
|---|---|---|---|---|---|---|
| CSGM/NCB/ WORKS-11/082/083 | Infrastructure Upgrading Work of Chhimitasi Chhiling Gumba Compound, CSGM-11 | NRs. 34,40,035.48 | NRs. 1,05,000.00 | NRs. 3,000.00 | 2082/11/11 (23th Feb 2026) at 12:00 hrs | 2082/11/11 (23th Feb 2026) at 13:00 hrs |
| CSGM/SQ/ WORKS-01/082/083 | Batase Aadharbhut Soasthe Sewa Kendra Sudridhikaran, CSGM-02 | NRs. 12,90,021.90 | NRs. 40,000.00 | NRs. 1,000.00 | 2082/10/23 (06th Feb 2026) at 12:00 hrs | 2082/10/23 (06th Feb 2026) at 13:00 hrs |

1. Future Details bidder are requested to visit PPMO website www.bolpatra.gov.np/egp.
2. The Employer reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**


प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः भगवतीबहाल, नक्साल, काठमाडौं, फोनः ०१-५३२६३६६, ०१-५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादकः **मदनकुमार श्रेष्ठ** सम्पादकः **जनक नेपाल**

CamScanner